स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र "बाटुलो जून" ले सुरुवाती व्यापार राम्रो गरेपछि चर्तिबेला चलचित्रका निर्देशक तथा कलाकार भुवन केसी उत्साही देखिएका छन्। भुवन केसीले निर्देशन गरेको र खोरा अनमोल केसीको मुख्य भूमिका रहेको चलचित्र "बाटुलो जून" कार्तिक २६ गतेदेखि प्रदर्शन भइरहेको छ। निर्देशक केसीले सबै उमेर समूहका दर्शकले चलचित्र हेरेर राम्रो प्रतिक्रिया दिइरहेको बताएका छन्।

आजको विचार...



संस्कृति...
(दुई पेजमा)

एलपी भानु शर्मा

चर्चित शो "कफी विथ करण" मा अभिनेता सलमान खानले भविष्यमा आफ्नो पनि बच्चा पक्कै हुने बताएका छन्। एक महिला अधि जियोहटस्टारमा प्रसारण भएको शोको नवौं सिजनको पहिलो भागमा उनले विवाह, एक्लोपन र आफ्नो निजी जीवनबारे करण जोहरसँग खुलेर कुरा गरेका छन्। उक्त कार्यक्रममा उनीसँग करिश्मा कपुर पनि सहभागी थिइन्। कुराकानीका क्रममा सलमानले विवाह र बुबा बन्ने आफ्नो इच्छाबारे बताएका थिए ।



❐ वर्ष ३२ ❐ अंक १०९ ❐ २०८३ कार्तिक ३० गते सोमबार 16 November 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

बस दुर्घटनामा कम्तिमा १० को मृत्यु

रासस

काठमाडौं, कार्तिक २९/ इरानको पश्चिमी प्रान्त इलाममा शनिबार साँझ भएको बस दुर्घटनामा कम्तीमा १० जनाको मृत्यु भएको छ । त्यस्तै, १८ जना घाइते भएका छन् । अर्धसरकारी समाचार संस्था फार्सका अनुसार शनिबार स्थानीय समयअनुसार साँझ ७:२५ बजे देहलोरान जिल्लाको दश्तःए अब्बासबाट अब्दानान जिल्लाको मुर्मुरीतर्फ जाँदै गरेको बस दुर्घटनामा परेको थियो ।

बसमा देहलोरानस्थित एक पेट्रोलियम प्रशोधन कम्पनीका कर्मचारी सवार थिए । इलाम चिकित्सा विज्ञान विश्वविद्यालयको आपत्कालीन चिकित्सा सेवा विभागका प्रमुख मेहदी शाबानीका अनुसार दुर्घटनाको खबर प्राप्त हुनासाथ उद्धार टोली, १० वटा एम्बुलेन्स र एउटा एम्बुलेन्स बस घटनास्थलमा परिचालन गरिएको थियो । दुर्घटनामा घाइते भएकाहरूलाई उपचारका लागि इलाम तथा छिमेकी खुजेस्तान प्रान्तका अस्पतालमा लगिएको छ । घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको अधिकारीहरूले बताएका छन् । दुर्घटनाको कारणबारे सम्बन्धित सरकारी निकायले अनुसन्धान गरिरहेको र विस्तृत विवरण पछि सार्वजनिक गरिने फार्सले जनाएको छ ।

होटलदेखि घरसम्म जुवाको अखडा

एकै रात ३१ जना पक्राउ, साढे ६ लाख भन्दा बढी नगद बरामद

छाप्रा संवाददाता

पाल्पा, कार्तिक २९/ नेपाली समाजमा चाडपर्व तथा मनोरञ्जनका नाममा खेलिने जुवातास पछिल्लो समय सामाजिक विकृतिका रूपमा फैलिँदै गएको छ । अहिले होटलका कोठादेखि निजी घरसम्म जुवातास खेल्ने गतिविधि फैलिएको पाइएको छ । आर्थिक लाभको लोभमा खेलिने यस्तो गैरकानुनी गतिविधिले समाजमा विकृति बढाउनुका साथै पारिवारिक र आर्थिक समस्या निम्त्याउने जोखिमसमेत बढाएको छ ।

शनिबार एकै दिन कैलाली, दाङ र झापाका विभिन्न होटल र निजी घरमा प्रहरीले छापा मार्दा जुवातास खेलिरहेको अवस्थामा ३१ जना पक्राउ परेका छन् । । प्रहरीले ६ लाख ६२ हजार ७ सय ७५ रुपैयाँ नगद र आठ बुक तासमेत बरामद गरेको छ । प्रहरीले गरेको कारबाहीले जुवातास खेल्ने गतिविधि सार्वजनिक स्थानमा मात्र नभई निजी आवास र होटललाई समेत केन्द्र बनाएर सञ्चालन भइरहेको देखाएको छ । एउटै रातमा तीन जिल्लाका चार स्थानबाट ठूलो संख्यामा



मानिस पक्राउ पर्नुले यस्ता गतिविधिमाथि निगरानी र नियन्त्रणको आवश्यकता पनि उजागर गरेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कैलालीको घोडाघोडी नगरपालिका-२ साडेपानीस्थित सैनिक होटलमा जुवातास खेलिरहेको अवस्थामा १० जना पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय सुखडबाट खटिएको प्रहरी टोलीले घोडाघोडी नगरपालिका-२ का ४७ वर्षीय नमराज विष्टसहित उनीहरूलाई पक्राउ गरेको हो । प्रहरीले घटनास्थलबाट ६० हजार १ सय ७५ रुपैयाँ नगद र एक बुक तास बरामद गरेको छ ।

दाङमा भने निजी घरमै जुवातास खेल्ने गतिविधि भइरहेको अवस्थामा दुई छुट्टाछुट्टै स्थानबाट १७ जना पक्राउ परेका छन् । घोराही उपमहानगरपालिका-१५ जानकी टोलस्थित ६८ वर्षीय भुपबहादुर डाँगीको घरमा जुवातास खेलिरहेको अवस्थामा डाँगीसहित आठ जना पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालय दाङबाट खटिएको टोलीले उनीहरूको साथबाट एक लाख ४ हजार ५ सय ८० रुपैयाँ नगद र तीन बुक तास बरामद गरेको छ ।

त्यसैगरी, घोराही उपमहानगरपालिका-१८ नवलपुरस्थित ४७ वर्षीय बसन्त बुढाथोकीको घरमा जुवातास खेलिरहेको अवस्थामा बुढाथोकीसहित नौ जना पक्राउ परेका छन् । प्रहरी कारबाहीमा उक्त स्थानबाट चार लाख ८ हजार १ सय २० रुपैयाँ नगद र तीन बुक तास बरामद भएको छ । चारवटा घटनामध्ये सबैभन्दा बढी रकम यही स्थानबाट बरामद भएको प्रहरीले जनाएको छ । यस्तै, झापाको बिर्तामोड नगरपालिका-४ उर्बसी टोलस्थित होटल अम्रेलामा जुवातास खेलिरहेको अवस्थामा चार जना पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको टोलीले सूर्योदय नगरपालिका-१० का ४४ वर्षीय निर्मल श्रेष्ठसहित उनीहरूलाई पक्राउ गरेको हो । प्रहरीले उक्त होटलबाट ८९ हजार ९ सय रुपैयाँ नगद र एक बुक तास बरामद गरेको छ । चारवटै घटनामा पक्राउ परेका ३१ जनामाथि प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

पेट्रोल छर्केर जलाइएका व्यक्तिको मृत्यु



गुटवल, कार्तिक २९/ पेट्रोल छर्केर आगो लगाइएका दाङ राजपुर गाउँपालिका-२ का ४९ वर्षीय रूपलाल चौधरीको मृत्यु भएको छ । नेपालगन्जस्थित भेरी अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको हो ।

शरीरको ८० प्रतिशतभन्दा बढी भाग जलेको उनको उपचारका क्रममा आइतबार बिहान मृत्यु भएको इलाका प्रहरी कार्यालय गढवाका प्रहरी निरीक्षक साहिल बुढाथोकीले बताए । शनिबार दिउँसो राजपुर गाउँपालिका-२ खालगैरामा सोही ठाउँका ३८ वर्षीय त्रिलोक सिंह कार्कीले आफ्नै मोटरसाइकलबाट पेट्रोल निकालेर चौधरीको शरीरमा छर्की आगो लगाएको प्रहरीले जनाएको छ । घटनापछि फरार भएका कार्कीलाई प्रहरीले खोजतलासका क्रममा लमही नगरपालिका-५ रातोडाँडाबाट नियन्त्रणमा लिएको थियो । आगोले जलेर गम्भीर घाइते भएका चौधरीलाई तत्काल लमही अस्पताल पुऱ्याइएको थियो । त्यहाँ प्रारम्भिक उपचारपछि थप उपचारका लागि भेरी अस्पताल नेपालगञ्ज रिफर गरिएको थियो । घटनामा संलग्न आरोपित कार्कीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

छठ पर्व : आज समापन, सरकारले दियो सार्वजनिक बिदा

पाल्पा, कार्तिक २९/ छठ अन्तर्गत आज चौथो दिन व्रतालुले बिहानीपख उदाउँदो सूर्यलाई अर्घ्य दिई पर्वको समापन गर्दै छन्। चार दिनसम्म मनाइने छठ सूर्यको पूजा आराधनासँगै गाईको दूधसहितको अर्घ्य दिएपछि समापन गर्न लागिएको हो ।

मूलविधि चतुर्थीदेखि सुरु भई षष्ठीका दिन बेलुकी अस्ताउन लागेको र सप्तमीका दिन उदाउँदो सूर्यलाई अर्घ्य दिई पर्व समापन गरिने परम्परा छ । सप्तमीका दिन व्रतालुले बिहानीपख उदाउँदो सूर्यलाई अर्घ्य दिई पर्वको समापन गरेपछि प्रसाद ग्रहण गरी आफ्नो उपवास तोड्छन् जसलाई 'पारन' भनिन्छ ।

छठ पूजामा सूर्य भगवान र छठी मातालाई पूजापाठ र अर्घ्य दिनका लागि गहुँ वा चामलको पिठोबाट ठेकुवा, भुसवा, किसानबाट उत्पादित अदुवा र बेसारको हरियो बेर्ना, ज्यामिर, नरिवल, सुन्तला, केरा, स्याउ, पानीसिंगडा, सुथनी, उखु, सुन्तला, स्याउ, सुन्तला लगायतका फलफूल पनि चढाउने गरिन्छ । छठ समापन र उदाउँदो सूर्यदेवको पूजाका लागि राजधानी काठमाडौंसहित तराईका



विभिन्न जिल्लामा नदी, तलाउ र पोखरीका किनारमा भक्तजनहरू रातभर जागरण बसेका थिए । शनिबार अस्ताउँदै गरेको सूर्य तथा छठी मातालाई अर्घ्य दिएका भक्तजनले आज उदाउँदो सूर्यको पूजा आराधना गर्न लागेका हुन् । छठ पर्वको व्रत बसे दुःख र दरिद्रताबाट मुक्ति पाइने र सन्तान सुख प्राप्त हुने धार्मिक जनविश्वास रहिआएको छ । विशेष नियम र निष्ठासाथ मनाइने छठ पर्वका लागि नदी, पोखरी, कुवा, ईनार तथा जलाशयहरु सिंगारिएको थियो । अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जिवप्रति सहानुभुति राख्न अभिप्रेरित गर्ने महत्वपूर्ण पर्वको रुपमा छठलाई लिइन्छ । तराई मधेशको मुख्य पर्वहरुमध्ये मिथिला, थारु तथा भोजपुरीनी महिलाहरुको विशेष कठोरताको पर्वको रुपमा रहेको छ । सरकारले छठ पर्वको अवसरमा आज सोमबार पनि सार्वजनिक बिदा दिएको छ ।- *(बाँकी अन्तिम पेजमा...)*

पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२

जनचेतना

सम्पादकीय

असहिष्णुताले होइन, सहनशीलताले जोड्दौं समाज

अन्तर्राष्ट्रिय सहनशीलता दिवस आज विविध कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष नोभेम्बर १६ मा यो दिवस मनाउने गरिन्छ । विश्वभर रहेका सबै समुदायलाई एक-अर्काप्रति सहनशील हुनु र एक-अर्काको स्वरूप र शैलीलाई आह्वान गर्नु यो दिवसको मुख्य लक्ष्य हो । सन् १९९६ मा संयुक्त राष्ट्र संघको महासभामा यसलाई अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउने मान्यता दिएको थियो । सोही अनुरुप यो मनाउने गरिन्छ । नकारात्मक भावना र सोच एक-अर्काप्रतिको वितृष्णालाई कम गर्न समुदायबीच सहनशीलता बढाउन यो दिवस महत्वपूर्ण हुने गर्दछ ।

फरक विचार राख्ने व्यक्तिलाई सम्मान गर्नु, अरूको आस्था र संस्कृतिलाई स्वीकार गर्नु तथा असहमति हुँदा पनि संयमित व्यवहार गर्नु नै वास्तविक सहनशीलता हो । समाजमा सबै मानिसको सोच, विचार र दृष्टिकोण एउटै हुँदैन । फरक विचार र मान्यताबीच पनि एकता कायम राख्न सक्नु नै सामाजिक परिपक्वताको परिचय हो । तर पछिल्लो समय समाजमा असहिष्णुता, घृणा, विभेद, पूर्वाग्रह र द्वन्द्वका घटनाहरू बढ्दै जानु चिन्ताको विषय बनेको छ । विशेषगरी सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै विचार र अभिव्यक्तिका नाममा अरूको मानमर्दन गर्ने, अपमानजनक टिप्पणी गर्ने, जातीय तथा धार्मिक द्वेष फैलाउने र असहमतिलाई शत्रुताका रूपमा लिने प्रवृत्ति देखिन थालेको छ । सामान्य मतभिन्नताले पनि विवाद र द्वन्द्वको रूप लिने अवस्था सिर्जना हुनु समाजका लागि राम्रो संकेत होइन । लोकतान्त्रिक व्यवस्थामा विचारको स्वतन्त्रता जति महत्वपूर्ण हुन्छ, त्यति नै अरूको विचारलाई सम्मान गर्ने संस्कार पनि आवश्यक हुन्छ । फरक विचार राख्ने व्यक्तिलाई शत्रु ठान्ने होइन, संवाद र सहमतिका माध्यमबाट समस्याको समाधान खोज्ने संस्कार विकास गर्नुपर्छ । अन्तर्राष्ट्रिय सहनशीलता दिवस केवल औपचारिक कार्यक्रम र नारामा सीमित हुनु हुँदैन । यसले हाम्रो दैनिक व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सक्नुपर्छ । अरूको विचार सुन्ने, असहमतिलाई सहजरूपमा स्वीकार गर्ने, कमजोर र सीमान्तकृत समुदायको सम्मान गर्ने तथा हिंसा र घृणाको सट्टा संवाद र समझदारीलाई प्राथमिकता दिने अभ्यास गर्नुपर्छ । सहनशीलता भनेको अन्याय, हिंसा वा विभेदलाई चुपचाप सहनु होइन, बरु त्यस्ता गलत प्रवृत्तिको विरोध गर्दा पनि मानवीय मर्यादा र लोकतान्त्रिक मूल्य कायम राख्नु हो । समाजमा शान्ति, स्थायित्व र समृद्धि कायम गर्न कानुनी व्यवस्था मात्र पर्याप्त हुँदैन, नागरिकमा सहनशीलता, सद्भाव र परस्पर सम्मानको भावना पनि उत्तिकै आवश्यक हुन्छ । यसर्थ आम्नो जीवनमा सहनशीलताको कार्य गरौं, अरूलाई बुझ्न खोजौं,सबै विभेद र घृणालाई अस्वीकार गर्न सिकौं र सभ्य समाज निर्माण गरौं ।

Opinion @ Social Network

आफूलाई सम्झाउँछु "अहिले जे भइरहेको छ,
यो पनि एक दिन मेरो कथाको सुन्दर अध्याय बन्नेछ।"
(मिना शाहीको फेसबुक स्टाटसबाट www.facebook.com/Mina.Shahi)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईंसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईंहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईंका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

संस्कृति जोगाउँदै गर्दा त्यसको आत्मा जोगाउन बिर्सियौं कि ?



एलपी भानु शर्मा

हामीले चाडपर्वका विधि जोगायौं, तर तिनले सिकाउने जीवनदर्शन कति आत्मसात् गऱ्यौं ? मन्दिर र गुम्बा जोगायौं, तर मनको पवित्रता कति जोगायौं? देवताको आराधना गऱ्यौं, तर आफ्नै जीवनमा कति दिव्यता जगायौं ?

संस्कृतिको संरक्षण अत्यावश्यक छ, यसमा फरक मत हुन सक्दैन। तर संस्कृतिको वास्तविक गौरव त्यसका परम्पराहरू जीवित रहनुमा मात्र होइन, तिनले मानिसको चेतना, चरित्र र जीवनलाई कति उन्नत बनाउँछन् भन्नेमा पनि छसमाजको आत्मा त्यहाँ रहेका नागरिकहरूको सोच, बोली र व्यवहारबाट थाहा लाग्छ, जसको विकास चेतनाको गहिराइमा पुगेर मात्र सम्भव हुन्छ।अहिले नेपाली समाज एकअर्काका चाडपर्वहरूको इतिहास खोतल्नमा, यी पर्व कसले मनाउने या कसले बहिष्कार गर्ने भन्नेमा र मनाउनेले रीति कसरी पुऱ्याउने भन्ने प्रारम्भिक प्रश्नमै केन्द्रित देखिन्छ।कसैको ध्यान पनि यी पर्वहरूको मूल आध्यात्मिक प्रयोजन के हो अर्थात् कुन दिव्य लक्ष्य पूरा गर्न यिनको आरम्भ भएको थियो, र आजसम्मको अनुभवले त्यो लक्ष्य पूरा भयो कि अपेन भन्नेतर्फ गएको देखिँदैन।फलस्वरूप, चाडपर्वलाई हेर्ने हाम्रो दृष्टि सम्प्रदायगत, सामाजिक र राजनीतिक मात्र बन्न पुग्यो, यिनले मानव चेतनामा पारेको या पार्न सक्ने प्रभावतिर हाम्रो दृष्टि नपुगेको स्पष्ट हुन्छ।हाम्रा चाडपर्वहरू मात्र सामाजिक उत्सवका लागि बनेका थिएनन् किनभने प्रत्येकमा धार्मिक आराधना र आध्यात्मिक उपासना जोडिएको छ- चाहे तीजमा गरिने भगवान शिवको आराधना, दसैंमा गरिने शक्तिको आराधना, यमपञ्चकमा गरिने प्राणीहरूको पूजा, म्हःपूजा अन्तर्गतको आत्मपूजा या त छठ पर्वमा गरिने विवस्वान् सूर्यको आह्वान नै किन नहोस्।बाहिर गरिने कर्म र उत्सवसँगै व्यक्तिमा पर्नुपर्ने मनोवैज्ञानिक प्रभावतिर हाम्रा पुर्खाहरू अत्यधिक सचेत रहेको देखिन्छ।तर कालान्तरमा यिनको बाहिरी स्वरूपतिर मात्र अथाह बहस सिर्जना हुँदासम्म पनि यिनको आध्यात्मिक आयामहरूको चर्चा कतै उठिरहेको देखिँदैन।हाम्रा चाडपर्वहरूको सांस्कृतिक सौन्दर्य अनुपम छ। तर तिनको वास्तविक उपलब्धि तब मात्र प्रकट हुन्छ जब उपासना हाम्रो भोजनको छुनोटमा, पूजा हाम्रो व्यवहारमा, भक्ति हाम्रो फदयमा, ध्यान हाम्रो चेतनामा र साधना हाम्रो दैनिक जीवनमा प्रवेश गर्छ।सत्य दुई कोटि या तहका हुन्छन् । तत्कालीन र आत्यन्तिक।चाडपर्वले दिने आत्मीयता, मनोरञ्जन, सांस्कृतिक भावना र आर्थिक कारोबारमा वृद्धि तत्कालीन सत्य हो भने मानिसको चेतनामा यिनले सिर्जना गर्ने बोध आत्यन्तिक सत्य हो।

जुन समाजले यी दुवै सत्यमा काम गर्दैन, त्यो समाज अति सतही, भौतिकतावादी र न्यून चेतना भएको हुनेछ।भगवद्गीता भन्छ- उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् - भगवद्गीता ६.५। अर्थात्, मानिसले आफ्नै प्रयासद्वारा आफूलाई उन्नत गर्नुपर्छ, आफूलाई अधोगतितर्फ लैजानु हुँदैन। यही आत्मोन्नतिको दृष्टिले अब हाम्रा चाडपर्वहरूलाई हेर्ने समय आएको छ। यस आलेखको आशय सबै चाडपर्वमा निहित तत्कालीन तथा आत्यन्तिक सत्यलाई उजागर गर्नु नभएर केही पर्वहरूको उदाहरण दिँदै यी दुवै आयामबाट कसरी प्रयोग गर्न सकिन्छ भन्ने सन्देश दिनु हो।

दसैंले दुर्बलता कम गऱ्यो त? दसैंमा देवीको आराधना गर्दैगर्दा आफूभित्रका आसुरी प्रवृत्तिमाथि पनि विजय प्राप्त गर्ने काम कति भयो, त्यसको इमानदार समीक्षा गरौं र आवश्यक परिवर्तन ल्याउने संकल्प गरौं। दुर्गासप्तशतीमा महिषासुर, शुम्भ र निशुम्भमाथि देवीको विजय धर्मशक्तिको महिमा हो। त्यस कथालाई आफ्ना अहंकार, लोभ, क्रोध र मोहविरुद्धको आन्तरिक साधनाका रूपमा पनि मनन गरौं। देवीको विजयको उत्सव मनाउँदै आफ्नै जीवनका दुर्बलतामाथि विजय प्राप्त गर्ने प्रयास गऱ्यौं भने बल्ल पर्वहरूको र मानव जीवनको सार्थकता रहनेछ।

अमृतको खोजी बनोस् यमपञ्चक

यमपञ्चकमा मृत्युलाई स्मरण गरेर आराधना गर्दा जीवनभित्रै लुकेको मृत्युको बोध बढाउँदै बाँकी रहेको जीवनलाई अझ सार्थक बनाउने उपाय खोजौं। कठोपनिषदमा यमले नचिकेतालाई श्रेय (तत्काल सुख दिने विषय) र प्रेय (तत्काल अप्रिय लागे पनि आत्यन्तिक सत्यसम्म पुग्ने सेतु) बीचको भेद सिकाउँछन् (१.२.१(२)। चाडपर्वमा प्रिय लाग्ने सुखहरू उपभोग गरौं, तर शारीरिक, मानसिक, भावनात्मक र चेतनागत स्वास्थ्यको कल्याणलाई नबिर्सौं। जीवन सीमित छ भन्ने बोधले हाम्रा सम्बन्ध, कर्म र प्राथमिकताहरूलाई अझ विवेकपूर्ण बनाओस्।

एक दिनको पूजा मात्र कि वर्षभरिको व्यवहार?

काग र कुकुर तिहारमा प्राणीको पूजा गर्दा करूणालाई वर्षभरि जीवित राखौं।भगवद्गीतामा भनिएको छ- अद्वेष्टा सर्वभूतानां मैत्र: करुण एव च (भगवद्गीता १२.१३।अर्थात्, सबै प्राणीप्रति द्वेषरहित, मैत्रीपूर्ण र करुणामय हुनु भक्तको गुण हो।एक दिन कुकुरलाई खोजीखोजी माला लगाइदिने तर वर्षभरि नै दु:ख पाएका सडकआश्रित कुकुरहरूप्रतिको हाम्रो दृष्टि करुणामा रूपान्तरित भइरहेको छ कि छैन भन्ने पनि हेक्का राखौं। प्राणीप्रतिको श्रद्धालाई प्राणीसेवामा बदल्नु नै पर्वको देशना हो।

धनको पूजासँगै बस्ती धनको खोजी

लक्ष्मीपूजामा धनको आराधना गर्दा धनासक्तिमा कमी आई धनमोहबाट मुक्त हुने साधना पनि गरौं।

ईशावास्य उपनिषदको पहिलो मन्त्रले भन्छ -तेन त्यक्तेन भुञ्जीथा मा गृध: कस्यस्विद्धनम्। त्यागभावसहित उपभोग गरह अरूको धनप्रति लोभ नगर।धन आर्जन गरौं, समृद्ध बनौं, तर समृद्धिसँगै उदारता, सन्तोष र नैतिकता पनि बढाऔं। घरको अन्धकार हटाउन दीप बालौं, मनको अन्धकार हटाउन विवेक र ध्यानको अभ्यास गरौं।बाहिरबाट प्राप्त हुने धन तत्कालीन सत्य मात्र होह आत्मज्ञान नै असली धन हो, जुन हामीलाई पर्खेर बसेको छ।

टीका हुँदै आत्मज्ञानको बाटो

भाइटीकामा दाजुभाइलाई प्रेमको टीका लगाउँदा सम्बन्धमा दिगो विश्वास, सम्मान र आत्मीयता बढाउने अभ्यासका साथै तिनको आत्मज्ञानमा मद्दत पनि गरौं। टीकाको पवित्रता वर्षको एक दिनमा सीमित नराखौं।सम्बन्धमा क्षमा, संवाद, सहयोग र प्रेमलाई दैनिक व्यवहार बनाऔं। सँगसँगै आफ्ना परिवारका सदस्यहरूको शरीर र मन मात्र नभएर आत्माको विकासतिर पनि ध्यान पुऱ्याऔं।

नश्वर शरीरको पूजाबाट सनातन आत्माको बोधसम्म

म्ह:पूजामा आफ्नै अस्तित्वको आराधना गर्दा आत्मज्ञानको खोजी पनि गरौं।बृहदारण्यक उपनिषद २.४.५ मा भनिएको छ (आत्मा वा अरे द्रष्टव्य: श्रोतव्यो मन्तव्यो निदिध्यासितव्य:। आत्माको साक्षात्कार गर्नुपर्छ्यह त्यसका लागि श्रवण, मनन र निदिध्यासन आवश्यक छन्। आफ्नो शरीरको सम्मान गरौं, तर शरीरमै सीमित आफ्नो परिचयलाई पनि प्रश्न गरौं। आफ्ना विचार, भावना र अहंकारलाई सजगतापूर्वक निरीक्षण गरौं।म्ह:पूजालाई आत्मसम्मानसँगै आत्मबोधतर्फको यात्राको अवसर बनाऔं।

उपासनादेखि सेवासम्म

छठपर्वमा सूर्यलाई अर्घ्य चढाउँदा प्रकृतिको संरक्षणलाई पनि आफ्नो धर्म बनाऔं।ईशावास्य उपनिषदको पहिलो मन्त्रले भन्छ- ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत्।'यस जगतमा मानव जीवन निरर्थक बन्छ।अब दीप बाल्ने हात सेवामा पनि तल्लीन हुन्। पूजा गर्ने मन करूणाले पनि भरियोस्। व्रत बस्ने व्यक्तिको व्यवहारमा संयम पनि देखियोस्। देवीको आराधना गर्ने मानिस अन्यायविरुद्ध पनि उभियोस्।सूर्यको पूजा गर्ने समाज प्रकृतिको संरक्षणमा पनि अग्रसर होस्। संस्कृतिको रमाइलोमा डुब्ने व्यक्ति ध्यानसाधनाको गहिराइमा पनि डुब्न सकोस्। हाम्रा चाडपर्वहरू केवल पुस्ताबाट पुस्तामा हस्तान्तरण हुने परम्परा नबनून्। ती पुस्ताबाट पुस्तामा हस्तान्तरण हुने जागरूकता, प्रेम, विवेक र पवित्रताका संस्कार बनून्।

हामीले आफ्ना सन्तानलाई चाडपर्व कसरी मनाउने भनेर मात्र नसिकाऔंह चाडपर्व मनाएर कस्तो मानिस बन्ने भनेर पनि सिकाऔं।अब हाम्रो संकल्प केवल चाडपर्व मनाउने होइन, चाडपर्वमार्फत आध्यात्मिक चेतना जगाउने हो। केवल संस्कृतिको संरक्षण गर्ने होइन, त्यसको आध्यात्मिक मर्मलाई जीवनमा उतार्ने हो।केवल आनो कल्याण खोज्ने होइन, सम्पूर्ण मानवता र प्राणीजगत्को कल्याणमा सहभागी हुने हो।हाम्रो सभ्यताले विश्वलाई दिन सक्ने महत्वपूर्ण सन्देश यही हो (बाहिरी समृद्धि र आन्तरिक जागरण एकअर्काका विरोधी होइनन्। तिनको सन्तुलित विकास नै मानव जीवनको पूर्णतातर्फको यात्रा हो।आउनुहोस्, प्रत्येक घरलाई साधनाको केन्द्र, प्रत्येक परिवारलाई प्रेमको पाठशाला, प्रत्येक चाडपर्वलाई आत्मजागरणको अवसर र प्रत्येक मानव जीवनलाई लोककल्याणको माध्यम बनाऔं।किनकि आजको विश्वलाई केवल उज्यालो सहर होइन, उज्यालो चेतना भएका मानिस चाहिएका छन्।चाडपर्व मनाऔं र संस्कृति जोगाऔं। साधना गरौं र चेतना जगाऔं। अनि त्यो जागरणलाई आनो जीवन र समाजको रूपान्तरणमा प्रकट गरौं।यही हो चाडपर्वको आध्यात्मिक पुनर्जागरण। यही हो आजको विश्वप्रति हाम्रो सभ्यताको सार्थक योगदान।-

सैतोपाटी डटकम

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय

बुटवल	०७१-५४०२२
स.प्र.क्याम्प बुटवल	९७४७०४३४६९
बुटवल रामनगर	०७१-५४१२३३
भैरहवा	०७१-५२०१९९
अर्घाखाँची	०७७-५२१९९९
गुल्मी	०७९-५२०१९९
परासी	०७८-५२०१९९
तौलिहवा	०७६-५६००९९
पाल्पा	०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर	०७५-५९१५५५

अस्पताल कार्यालय

लुम्बिनीस्टिटी अस्पताल	०७१-५५५५७, ५५५५८८
लुम्बिनी अञ्चल अस्पताल	०७१-५४०२००, ५४०९०१
भिमअस्पताल भैरहवा	०७१-५२०१९३
मिसनअस्पताल पाल्पा	०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा	०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल	०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास	०७८-४१९२०१
पिकेन्द्र परासी	०७८-५२०१८८
भैरहवा आँखा अस्पताल	०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल	०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल	०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल	०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल	०७१-५४४५५०
बुटवल हस्पितल	०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम	०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल	५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल	५४५८४५
मेट्रिटेक अस्पताल	५४९०७०
कान्तिपुर डेण्टल हस्पिटल	०७१-५४७८४०
लायन्स अस्पताल पाल्पा	०७५-५२०२३३, ५२११७९
रामपुर अस्पताल	०७५-४००५४

एम्बुलेन्सहरू

रोटरी क्लब बुटवल	०७१-५४४६००
लिग्रो क्लब अस्त बुटवल	०७१-५४५८९३
रेडक्रस भैरहवा	०७१-५२०८६३
रेडक्रस भैरहवा	०७१-५२१८७३, ९८४७०२२४६४
रेखुकाई भैरहवा	०७१-५२१८७३,९८४७०२२४६४
परासी	०७८-५२०१२५
रेडक्रस पाल्पा	०७५-५२०८००
रेडक्रस तौलिहवा	०७६-५६००५५
रेडक्रस अर्घाखाँची	०७७-४२०२७५, ४२७११७
रेडक्रस गुल्मी	०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ	०७१-५४७०८१
लुम्बिनी नर्सिङ होम प्रा.लि.	०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो.	९८४७०२५०९९
जनसेवा क्लब नर्यामिल	९५४७२७२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा	६२१५८८
बनगाई क्लब बनगाई	०७६-६९०७०२
रेडक्रस बेलहट	०७५-५४७७९९
लुम्बिनी मेडिकल कलेज	०७५-५२०८४०
बुटवल जेसिस	९८४७१२९९६४
न्यु एकता क्लब तानसेन	०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा	९८४७३०२७६५
रामपुर टे.इण्डी.	९८५,७७६२४७,९८५,७७६,७४

दैनिक राशिफल

मेष	: काममा नयाँसिंघ बन्नेछ । अनावश्यक बहसमा समय खर्च नगर्नुहोला।
वृष	: जिम्मेवारीमा सकियता बढ्नेछ । रोकिएका काम अघि बढ्नेछ ।
मिथुन	:काम गर्ने शैलीमा परिवर्तन आउनेछ।समन्वयले काम सहज बन्नेछ।
कर्कट	: नियमित आम्दानीको उपयोगमा स्पष्टता आउनेछ। पानी पर्यापत पिउनुहोस्।
सिंह	: नेतृत्व गर्ने चाहना बढाउनेछ। जिम्मेवारी कुशलतापूर्वक सम्हाल सक्नुहुनेछ।
कन्या	: कलात्मक रुचि देखाउने अवसर मिल्नेछ। बहसबाट टाढा रहनुलाभदायक हुनेछ।
तुला	: कुनै गतिविधिमा भाग लिने उत्साह बढ्नेछ। रमाइलो गर्ने योजना बन्न सक्छ।
वृश्चिक	: घरको मर्मतमा ध्यान दिनुपर्नेछ। काममा आफ्नो अधिकार स्पष्ट हुनेछ।
धनु	: सन्देशले दिनचर्या बदल्न सक्छ। साथीको साथमा रमाइलो क्षण बित्नेछ।
मकर	:कामको परिणामले आत्मसन्तुष्टि दिनेछ ।रोजगारीको सूचनामिल्न सक्छ ।
कुम्भ	: व्यवहारमा नम्रता राख्नुहोस्। प्रेममा अर्को पक्षलाई पनि सुन्नुहोस्।
मीन	: मनमा उत्साह थपिनेछ । कामबाट राम्रो प्रतिक्रिया प्राप्त हुनेछ।

शिक्षा

शिक्षण पेसाप्रति युवा आकर्षण घट्दो



काठमाडौं, पछिल्लो समय शिक्षण पेसाप्रति युवा पुस्ताको आकर्षण क्रमश: घट्दै गएको पाइएको छ । विगत पाँच वर्षको शिक्षक अध्यापन अनुमतिपत्र (लाइसेन्स) परीक्षाको तथ्याङ्कले निम्न माध्यमिक र माध्यमिक दुवै तहमा आवेदन दिने उम्मेदवारहरूको संख्यामा उल्लेख्य कमी आएको देखाएको छ ।

श्रमबजारका अन्य क्षेत्रमा नयाँ अवसरहरूको सिर्जना हुनु र शिक्षण पेसामा आकर्षण घट्नु नै यसको मुख्य कारण रहेको विश्लेषण गरिएको छ ।शिक्षक सेवा आयोगको तथ्यांक अनुसार आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्मका पाँच वर्षमा निम्न माध्यमिक र माध्यमिक तहमा अध्यापन अनुमतिपत्रका लागि आवेदन दिने र उत्तीर्ण हुनेहरूको प्रवृत्तिमा ठुलो उतारचढाव देखिएको छ । विशेषगरी निम्न माध्यमिक तहमा सुरुवाती वर्षहरूको तुलनामा अनुमतिपत्रका लागि आवेदन दिने र परीक्षा उत्तीर्ण गर्ने संख्या क्रमश: घट्दै गएको छ ।यद्यपि, केही वर्षमा उत्तीर्ण हुनेहरूको संख्यामा सामान्य उतारचढाव देखिए पनि समग्र दरखास्तकर्ताको ग्राफ भने ओरालो लागेको छ ।यस्तै अवस्था माध्यमिक तहको विज्ञापन तथा दरखास्तमा पनि देखिएको छ । माध्यमिक तहमा पनि अनुमतिपत्र परीक्षाका लागि आवेदन दिने र पास हुने जनशक्ति झन् न्यून बन्दै गएको छ ।यस्तै परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरूको प्रतिशत निकै कम छ । यसले गर्दा एकातिर अनुमतिपत्र परीक्षा पास गर्नेको संख्या न्यून छ भने अर्कोतिर परीक्षामा सहभागी हुने कुल युवाको आकर्षण नै घट्दै गएको छ ।शिक्षक सेवा आयोगको वार्षिक प्रतिवदेनअनुसार शिक्षक अध्यापन अनुमतिपत्रका लागि दरखास्त दिनेहरूको संख्या वर्षैपिच्छे घट्दै जानुको पछाडी मुख्यतया दुईवटा कारणहरू जिम्मेवार रहेको औल्याइएको छ । पहिलो, युवा पुस्तामा पारम्परिक रूपमा हेरिने शिक्षण पेसाप्रतिको मोह क्रमश: भङ्ग हुँदै जानु हो । दोस्रो, पछिल्लो समय श्रमबजारका अन्य क्षेत्रहरूमा आकर्षक अवसरहरू सिर्जना हुँदै जानु र युवाहरू वैकल्पिक तथा सुविधायुक्त पेसाप्रति आकर्षित हुनु मुख्य कारण हो ।

आवश्यक शैक्षिक जनशक्ति उत्पादन र विद्यालय तहमा गुणस्तरीय शिक्षक पुऱ्याउन अध्यापन अनुमतिपत्र निरन्तर रूपमा वितरण हुँदै आए पनि युवाको सहभागिता यसरी घट्नुले शिक्षा क्षेत्रमा दीर्घकालीन चुनौती थप्न सक्ने देखिएको छ । निम्न माध्यमिक तहको दरखास्त विवरण अध्ययन गर्दा २०७७/७८ मा सबैभन्दा बढी २ लाख ६ हजार ६८० जनाले आवेदन दिएका थिए, जसमध्ये ३१,५५८ जना मात्र उत्तीर्ण भएका थिए ।त्यसपछिका वर्षहरूमा दरखास्त संख्या क्रमश: घट्दै गएको देखिन्छ । २०७८/७९ मा १ लाख ७९ हजार ४९० आवेदन पर्दा १३ हजार ७ जना उत्तीर्ण भए भने २०७९/८० मा १ लाख १९ हजार ३११ आवेदनमा १० हजार ९७४ जना मात्र सफल भए । २०८०/८१ मा दरखास्त संख्या १ लाख नौ हजार ८२ मा झरे पनि उत्तीर्ण हुनेको संख्या बढेर ३५ हजार २६८ पुगेको थियो ।माध्यमिक तहको तथ्याङ्क पनि उस्तै निराशाजनक छ । २०७७/७८ मा ६७ हजार ९२६ जनाले आवेदन दिएकोमा २३ हजार १२ जना उत्तीर्ण भएका थिए । २०७८/७९ (वि.नं. ३९) मा ६१ हजार ५५ दरखास्त पर्दा २३ हजार ३६६ जना पास भएका थिए । २०७९/८० मा आवेदन संख्या घटेर ४५ हजार ५१० मा सीमित भयो र उत्तीर्ण हुने संख्या १२ हजार ७२९ मा झरेको थियो । त्यसैगरी २०८०/८१ मा ४३,३२३ दरखास्त पर्दा २४,५८१ जना मात्र उत्तीर्ण हुन सफल भएका थिए ।

पछिल्लो पाँच वर्षको समग्र आँकडा विश्लेषण गर्दा आवेदन दिनेको तुलनामा परीक्षा उत्तीर्ण गर्नेहरूको प्रतिशत निकै न्यून छ ।निम्न माध्यमिक तहमा सुरुवाती वर्ष २०७७/७८ को २ लाखभन्दा बढीको दरखास्त चौथो वर्षसम्म आइपुग्दा आधाभन्दा बढीले घटेर १ लाख ९ हजारमा सीमित हुनुले लाइसेन्स परीक्षामा सहभागी हुने युवाहरूको आकर्षण घट्दै गएको स्पष्ट पार्छ ।माध्यमिक तहमा पनि दरखास्त संख्या ६७ हजारबाट घटेर ४३ हजारमा झर्नुले उस्तै प्रवृत्ति देखाउँछ । यसरी दुवै तहमा दरखास्त संख्या घट्नुमा युवा पुस्तामा शिक्षण पेसाप्रतिको मोह कम हुनु र श्रमबजारमा अन्य प्रतिस्पर्धी क्षेत्र तथा अवसरहरूको सिर्जना हुनु मुख्य कारण रहेको विश्लेषण गरिएको छ ।आर्थिक वर्ष २०८२/८३ को माध्यमिक तहको सामान्य परीक्षाको नतिजा सोचेजस्तो उत्साहजनक आउन सकेको छैन। कुल परीक्षार्थीमध्ये दुई तिहाइभन्दा बढी अनुत्तीर्ण भएपछि समग्र नतिजा अत्यन्तै फितलो र निराशाजनक देखिएको छ ।सबैभन्दा बढी ९ हजार १४७ जना उम्मेदवार सहभागी भएको कोशी प्रदेश र सबैभन्दा कम २ हजार ३५१ जना सहभागी भएको सुदूरपश्चिम प्रदेश दुवैतर्फ असफलताको दर उच्च रहेको छ ।सार्वजनिक नतिजा अनुसार परीक्षामा सहभागी भएका कुल ३८ हजार १२४ जना उम्मेदवारमध्ये जम्मा ११ हजार २३६ जना मात्र उत्तीर्ण हुन सफल भएका छन्। प्रतिशतका हिसाबले समग्र उत्तीर्णदर मात्र २९.४७ प्रतिशतमा सीमित भएको छ, यसले परीक्षामा सामेल भएका ७०.५३ प्रतिशत अर्थात् २६ हजार ८८८ जना उम्मेदवार अनुत्तीर्ण भएको देखाउँछ ।प्रदेशगत नतिजाको विश्लेषण गर्दा अवस्था अझै चिन्ताजनक देखिन्छ ।

सबैभन्दा कमजोर नतिजा मधेस प्रदेशको आएको छ, जहाँ जम्मा २२.१९ प्रतिशत उम्मेदवार मात्र उत्तीर्ण भएका छन् । अर्थात् मधेस प्रदेशमा परीक्षा दिनेमध्ये करिब ७८ प्रतिशत उम्मेदवार असफल भएका छन् । सबैभन्दा बढी उत्तीर्णदर रहेको गण्डकी प्रदेशमा समेत उत्तीर्ण प्रतिशत ३३.९३ मा अड्किएको छ, जसलाई सन्तोषजनक मान्न सकिने अवस्था छैन ।सबैभन्दा बढी ९ हजार १४७ जना उम्मेदवार सहभागी भएको कोशी प्रदेश र सबैभन्दा कम २ हजार ३५१ जना सहभागी भएको सुदूरपश्चिम प्रदेश दुवैतर्फ असफलताको दर उच्च रहेको छ ।सहभागी र उत्तीर्ण संख्याका हिसाबले अन्य प्रदेशको तुलनामा अगाडि रहेको बागमती प्रदेशको अवस्था पनि उस्तै निराशाजनक छ । बागमती प्रदेशमा ४ हजार ६०२ जनाले परीक्षा दिएकोमा १ हजार ७६६ जना (करिब ३८.३७ प्रतिशत) मात्र उत्तीर्ण भएका छन् भने २,८३६ जना अनुत्तीर्ण भएका छन् ।

-रातोपाटी डटकम

गाउँमै उद्यम र रोजगारी खोज्दै विद्यार्थी



कास्की,माछापुच्छे गाउँपालिका-८ लुम्रेका विद्यार्थीले स्थानीय स्रोतसाधनको उपयोग गरी गाउँमै उद्यम र रोजगारी सिर्जना गर्ने सम्भावना खोज्न थालेका छन् । तारेबराह आधारभूत विद्यालयमा आज आयोजित उद्यमशीलतासम्बन्धी अन्तरक्रियामा विद्यार्थीले बाँस तथा अल्लोबाट हस्तकलाका सामग्री उत्पादन, होमस्टे सञ्चालन, कृषि पर्यटन र लघु जलविद्युतआयोजना सञ्चालनलगायतका सम्भावना पहिचान गरेका हुन् ।

माछापुच्छे र मर्दी हिमालको काखमा रहेको लुम्रेमा आयोजित कार्यक्रममा विद्यार्थीले गाउँमै सीप सिक्ने अवसर र उद्यम सञ्चालनका लागि आवश्यक सहयोगको मागसमेत गरेका थिए । तारेबराह आधारभूत विद्यालयकी पूर्वविद्यार्थी सुगन श्रेष्ठले सामान्य कम्प्युटर सीप सिक्न पनि पोखरा पुरनुपर्ने र रु १२ हजारसम्म खर्च गर्नुपर्ने अवस्था रहेको बताउँदै गाउँमै कम्प्युटर तालिम तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनले उद्यमशीलतासम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिई गाउँमै सिक्ने, काम गर्ने र उद्यमी बन्ने वातावरण बनाउनुपर्ने बताए । तारेबराहसहित गौरीशंकर मनिलाल माध्यमिक विद्यालय, निष्पक्ष माध्यमिक विद्यालय र बराह माध्यमिक विद्यालयका ३७ विद्यार्थी सहभागी कार्यक्रममा अमेरिकाको युनिभर्सिटी अफ कोलोराडो बोल्डरका प्राध्यापक तथा उद्यमी टम भिर्डेन र सामुदायिक विकास अभियन्ता लोइस श्याननले सहजीकरण गरेका थिए ।विद्यार्थीले गाउँमा उत्पादन हुने कोदो, धान, चिया, अलैंची, भाँगो र महको प्याकेजिङ तथा ब्रान्डिङ गरी बजारमा पुऱ्याउन सकिने सम्भावनाबारे पनि धारणा राखेका थिए। स्थानीय संस्कृति र खानपानलाई समेटेर होमस्टे सञ्चालन तथा कृषि पर्यटन प्रवर्द्धन गर्न सकिने उनीहरूको भनाइ थियो ।प्राध्यापक भिर्डेनले उद्यम सुरु गर्न ठूलो पुँजी वा विशेष अवसर आवश्यक नपर्ने बताउँदै आफ्नो समुदायका समस्या र आवश्यकता पहिचान गरेर व्यवसायको सुरुआत गर्न सकिने धारणा राखे । सानो प्रयासबाट काम थाल्ने, असफलताबाट सिक्ने र स्थानीय स्रोत साधनको उपयोग गर्ने सोच उद्यमशीलताका आधार भएको उनले बताए । तारेबराह आधारभूत विद्यालयकी प्रधानाध्यापक लक्ष्मी गुरुङले यस्ता कार्यक्रमले ग्रामीण क्षेत्रका विद्यार्थीमा नयाँ सोच र आत्मविश्वास विकास गर्न सहयोग पुग्ने बताए । उनले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला (आइसिटी ल्याब) स्थापना गर्न सके आसपासका क्षेत्रका विद्यार्थी तथा युवा लाभान्वित हुने बताए ।कर्मफ्लाइट्स फाउन्डेसन नेपालका राष्ट्रिय निर्देशक प्रेमबहादुर कुँवरले गाउँमा अवसर छैन भन्दै बाहिरिनुभन्दा स्थानीय सम्भावना पहिचान गरी आफै ठाउँमा उद्यम र रोजगारी सिर्जना गर्न सकिने सन्देश कार्यक्रमले दिएको बताए । फाउन्डेसनका केन्द्रीय सचिव कुलप्रसाद अधिकारी र कर्मही घर्ती मगरको समन्वय तथा फिरन्तेज एक्सपिडिसनका व्यवस्थापक पाउला र कुमार तामाङको स्थानीय सहजीकरणमा कार्यक्रम सम्पन्न भएको हो ।**-रासस**

चिसो बढेपछि विद्यार्थी खुला चौरमा पढ्न बाध्य



हुम्ला, हिमाली जिल्ला हुम्लामा अत्यधिक चिसो बढेपछि विद्यार्थी खुला चौरमा बसेर पढ्न बाध्य भएका छन्।कक्षाकोठाभित्र चिसोका कारण बस्न कठिन भएपछि सिमकोट र नाम्खा गाउँपालिकाका केही विद्यालयले खुला स्थानमै पठनपाठन सञ्चालन गर्दै आएका छन्।

सिमकोट गाउँपालिका-८ साँता गाउँस्थित बलभद्र आधारभूत विद्यालयमा बालविकास र कक्षा एकका विद्यार्थीलाई घाम तापेर पढ्ने व्यवस्था मिलाइएको छ । दिउँसोसमेत तापक्रम माइनसमा झरेपछि साना विद्यार्थीलाई कक्षाकोठामा बस्न कठिन भएको विद्यालयकी प्रधानाध्यापक प्रेमकला बुढाले बताइन् । उनका अनुसार यस वर्ष कार्तिक महिनामै दुई पटक हिमपात भएपछि चिसो अत्यधिक बढेको छ।अन्य कक्षाका विद्यार्थीलाई पनि चिसोका कारण समस्या भएपछि खुला चौरमा पढाउने गरिएको उनले बताइन्।नाम्खा गाउँपालिकाका तीन ओटा विद्यालयमा समेत चिसोका कारण खुला स्थानमा पठनपाठन भइरहेको छ।नाम्खा-६ स्थित लिमीको सुनखानी आधारभूत विद्यालयका शिक्षक बिकुल तामाङका अनुसार भवनका कक्षाकोठा अत्यधिक चिसो भएपछि विद्यालय परिसरमै कक्षा सञ्चालन गरिएको छ।कक्षा आठसम्मका सबै विद्यार्थी खुला स्थानमा बसेर पढ्न बाध्य रहेको उनले बताए। उत्तरी हुम्लामा दिउँसोसमेत तापक्रम माइनसमा रहने गरेको छ । **- हाम्रा कुरा डटकम**

आज अन्तर्राष्ट्रिय सहनशीलता दिवस मनाइँदै



पाल्पा, कार्तिक २९/ अन्तर्राष्ट्रिय सहनशीलता दिवस आज विविध कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष नोभेम्बर १६ मा यो दिवस मनाउने गरिन्छ । विश्वभर रहेका सबै समुदायलाई एक-अर्काप्रति सहनशील हुनु र एक-अर्काको स्वरूप र शैलीलाई आह्वान गर्नु यो दिवसको मुख्य लक्ष्य हो ।

सन् १९९६ मा संयुक्त राष्ट्र संघको महासभामा यसलाई अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउने मान्यता दिएको थियो । सोही अनुरुप यो मनाउने गरिन्छ । नकारात्मक भावना र सोच एक-अर्काप्रतिको वितृष्णालाई कम गर्न समुदायबीच सहनशीलता बढाउन यो दिवस महत्वपूर्ण हुने गर्दछ । यस दिवसले फरक धर्म, संस्कृति, भाषा, जातजाति, विचार र जीवनशैली भएका मानिसबीच सम्मानपूर्ण व्यवहार कायम गर्नुपर्ने सन्देश दिने गरेको छ । सहनशीलता भनेको अरूको विचारसँग सहमत हुनु मात्र नभई फरक विचार र मान्यतालाई पनि सम्मान गर्दै शान्तिपूर्ण रूपमा सहअस्तित्व कायम गर्नु हो । संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) का सदस्य राष्ट्रहरूले सन् १९९५ नोभेम्बर १६ मा सहनशीलतासम्बन्धी सिद्धान्तको घोषणापत्र पारित गरेका थिए । त्यसको एक वर्षपछि सन् १९९६ मा संयुक्त राष्ट्रसंघको महासभाले नोभेम्बर १६ लाई अन्तर्राष्ट्रिय सहनशीलता दिवसका रूपमा मनाउने निर्णय गरेको थियो।

विश्वका विभिन्न मुलुकमा जातीय, धार्मिक, सांस्कृतिक तथा राजनीतिक विभेदका कारण द्वन्द्व र असमझदारी बढिरहेका बेला यस दिवसको महत्व अझ बढ्दै गएको छ । सामाजिक सञ्जालमार्फत फैलिने घृणात्मक अभिव्यक्ति, गलत सूचना, पूर्वाग्रह र भेदभावले पनि सामाजिक सद्भावमा चुनौती थपिरहेका छन् । सहनशील समाज निर्माणका लागि शिक्षा, संवाद, आपसी समझदारी र मानव अधिकारको सम्मान आवश्यक रहेको सरोकारवालाहरूले औंल्याउँदै आएका छन् । बालबालिकादेखि नै विविधताको सम्मान गर्ने संस्कार विकास गर्न सके समाजमा विभेद र असहिष्णुता कम गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुकमा सहनशीलताको विशेष महत्व रहेको छ । सामाजिक सद्भाव, राष्ट्रिय एकता र आपसी भाइचारालाई बलियो बनाउन सबै समुदायबीच सम्मान र सहकार्यको वातावरण आवश्यक छ । अन्तर्राष्ट्रिय सहनशीलता दिवसले एकअर्काको विचार, आस्था, संस्कृति र पहिचानको सम्मान गर्दै शान्तिपूर्ण, समावेशी र न्यायपूर्ण समाज निर्माण गर्न सबैलाई प्रेरित गर्ने अपेक्षा गरिएको छ । अन्तर्राष्ट्रिय सहनशीलता दिवसले मानिसलाई आफूभन्दा फरक विचार, धर्म, संस्कृति र जीवनशैली भएका व्यक्तिलाई पनि समान सम्मान गर्न प्रेरित गर्दछ । यस दिवसका अवसरमा सहनशीलता, शान्ति, मानव अधिकार, समानता र सामाजिक सद्भाव प्रवर्द्धनसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखिएको छ ।

विश्वमा दिगो शान्ति, स्थायित्व र समृद्धि कायम गर्न केवल कानुन र नीतिनियम पर्याप्त हुँदैनन् । त्यसका लागि नागरिकको सोच, व्यवहार र सामाजिक संस्कारमा पनि सकारात्मक परिवर्तन आवश्यक हुन्छ । एकअर्काको अस्तित्व स्वीकार गर्ने, फरक विचारलाई सम्मान गर्ने र समस्याको समाधान संवादबाट खोज्ने संस्कार विकास गर्न सके मात्रै सभ्य, समतामूलक र शान्तिपूर्ण समाज निर्माण सम्भव हुन्छ ।

खेलकुद समाचार

लुम्बिनी एनपीएलको क्वालिफायरमा



काठमाडौं, कार्तिक २९/विराटनगर किंग्सलाई ४ विकेटले पराजित गर्दै सावित विजेता लुम्बिनी लायन्स नेपाल प्रिमियर लिग (एनपीएल) को क्वालिफायरमा प्रवेश गरेको छ । यसअघि नै प्लेअफमा स्थान पक्का गरिसकेको लुम्बिनीले लिग चरणमा ७ खेलबाट ११ अंक जोड्दै शीर्ष स्थानमा उक्लिएको छ र शीर्ष दुईमा रहने पक्का भएको हो ।

विराटनगर किंग्सले दिएको १६७ रनको लक्ष्य पछ्याएको लुम्बिनीले १९.५ ओभरमा ६ विकेट गुमाएर पूरा गरेको हो । लुम्बिनीले विराटनगरलाई पराजित गरेपछि प्लेअफमा पुग्ने चारै टोलीको टुङ्गो लागेको छ ।

लुम्बिनी र सुदूरपश्चिमसँगै काठमान्डु गोर्खाज र चितवन राइनोजले पनि प्लेअफमा स्थान बनाएको हो । काठमान्डु ५ खेलबाट ८ अंकसहित तेस्रो र चितवन ६ खेलबाट ७ अंकसहित चौथो स्थानमा छ ।

अर्थ/कर्पोरेट समाचार

सुनको भाउ घट्यो, तोलामा २ लाख ७० हजार



पाल्पा, कार्तिक २९/नेपाली बजारमा आइतबार सुन-चाँदीको मूल्यमा गिरावट आएको छ । यसदिन सुनको मूल्य १ हजार ५०० र चाँदीको मुल्य १०० रुपैयाँले घटेको हो ।

नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार आइतबार प्रतितोला सुनको मूल्य २ लाख ७० हजार २ सय कायम भएको छ । अघिल्लो दिनको भाउभन्दा यो रु १,५००.०० (०.५५%) ले घट्यो । सोही अवधिमा असली चाँदी एक तोलामा रु ३,६०० रहेको छ, जुन अघिल्लो दिनभन्दा १००.०० (२.७०%) ले घट्यो । अघिल्लो साताको अन्तिम कारोबार दिन शुक्रबार सुनको मूल्य तोलामा १२ हजार ६ सय रुपैयाँले घटेको थियो । सो दिन प्रतितोला २ लाख ७१ हजार ७ सय रुपैयाँमा खरिदबिक्री भएको थियो । महासंघका अनुसार सोही अवधिमा चाँदी प्रतितोलाको ३ हजार ६ सय रुपैयाँमा खरिदबिक्री भइरहेको छ । गत शुक्रबार एक तोला चाँदीको मूल्य ३ हजार ७ सय पुगेको थियो । सुन र चाँदीको मूल्य अन्तर्राष्ट्रिय बजार, अमेरिकी डलरको विनिमय दर र स्थानीय माग-आपूर्तिबाट प्रभावित हुने गर्छ । त्यसैले गहना वा लगानीको लागि किन्नु अघि ग्राहकहरूले नजिकैको आधिकारिक व्यवसायीसँग ताजा भाउ सोधेर मात्र निर्णय गर्न सुझाव दिइन्छ । बजार विज्ञहरूका अनुसार सुन र चाँदीको भाउमा दैनिक परिवर्तन हुनु सामान्य हो ।

एक दिनको उतारचढावले दीर्घकालीन प्रवृत्ति देखाउँदैन, त्यसैले लगानीकर्ताहरूले यस्ता दैनिक परिवर्तनलाई मात्र आधार बनाएर ठूलो निर्णय नगर्न आग्रह गरिएको छ । सुन वा चाँदी खरिद गर्दा ग्राहकहरूले बिल र शुद्धता प्रमाणपत्र अवश्य मागनुपर्छ । व्यवसायीहरूले दिनको तोकिएको दरमै कारोबार गर्ने गर्छन्, त्यसैले कुनै पनि कारोबारअघि भाउ सोधेर पुष्टि गर्नु खरिदकर्ता र बिक्रेता दुवैका लागि सुरक्षित तरिका हो ।

मनको आवाज.....

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ५४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६५
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले

१X१ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

छठ पर्व : आज समापन...

...गृह मन्त्रालयले शुक्रबार सूचना जारी गर्दै छठ पर्वको भोलिपल्टसमेत सार्वजनिक बिदा हुने जानकारी गराएको थियो । यसअघि सरकारले कात्तिक २९ गते आइतबार छठ पर्वका अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको थियो । छठ पर्वमा पहिलो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य दिने र भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि व्रत समापन गर्ने धार्मिक परम्परा रहेकाले थप एक दिन बिदा दिइएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्लेद्वारा जारी सूचनामा धार्मिक तथा सांस्कृतिक परम्परालाई मध्यनजर गर्दै कात्तिक ३० गते पनि सार्वजनिक बिदा दिने निर्णय गरिएको उल्लेख छ । यस निर्णयसँगै छठ पर्वका अवसरमा कात्तिक २९ गते आइतबार र ३० गते सोमबार गरी लगातार दुई दिन सार्वजनिक बिदा भएको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५ तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. ५८/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादक: रामचन्द्र रायमाझी. प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई